# लोक सेवा आयोग
## राष्ट्रिय बीमा संस्थान, अधिकृतस्तर, छैठौं, सहायक व्यवस्थापक पदको
## प्रतियोगितात्मक लिखित परीक्षा

२०७४।९।२३

पत्र : प्रथम
समय : ३ घण्टा

पूर्णाङ्क : १००

### विषय : अर्थ र वित्त तथा व्यवस्थापन र प्रशासन

प्रत्येक Section को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । प्रत्येक खण्डबाट ५/५ प्रश्नको उत्तर दिनुपर्नेछ ।

**Section : A** **50 Marks**

1. In how many ways can the Gross Domestic Product be measured? Which method does Nepal follow in its estimation? Explain. 10

2. पूँजी बजार (Capital Market) र मुद्रा बजार (Money Market) बीचको अन्तरसम्बन्ध उल्लेख गर्दै पूँजी बजारका प्रमुख उपकरणहरू (Instruments) का बारेमा चर्चा गर्नुहोस् । ५+५=१०

3. नेपालको योजना तर्जुमा प्रक्रिया उल्लेख गर्दै हालसम्मका आवधिक योजनाको कार्यान्वयन पक्षलाई दृष्टिगत गरी योजना कार्यान्वयनमा के-कस्ता समस्या रहेको देखिन्छ ? चर्चा गर्नुहोस् । ५+५=१०

4. Mention the structure of government revenue of Nepal. How can the ratio of government revenue to GDP be increased to finance the increasing expenditure? Suggest pragmatic policy measures. 4+6=10

5. Elaborate the main objectives and functions of International Monetary Fund. 4+6=10

6. What are the roles and responsibilities of the central bank in the financial system? Explain. 10

**Section : B** **50 Marks**

7. What are the key factors for staff motivation in an organization? Discuss in the context of Nepalese public sector. 10

8. What is meant by Human Resource Planning? Discuss its importance in an organization. What are its limitations? Explain. 3+4+3=10

9. छोटकरीमा टिप्पणी गर्नुहोस् । ५+५=१०

a) Change Management

b) Delegation of Authority

10. नेपालको बीमा व्यवसायमा देखिएको बढ्दो प्रतिस्पर्धाले के कस्ता चुनौती सिर्जना भएका छन् ? उल्लेख गर्नुहोस् । बीमा बजारमा आफ्नो उपस्थिति प्रवर्द्धन गर्न राष्ट्रिय बीमा संस्थानले कस्ता बजारीकरण रणनीति (Marketing strategy) हरू अवलम्बन गर्नुपर्छ ? सुझाव दिनुहोस् । ५+५=१०

11. What are the principles of a good corporate governance? What are the challenges to follow these principles in Nepalese corporate sector? Discuss. 5+5=10

12. Write down the importance of Management Information System? How can this system be applied in insurance business? Discuss. 10

- The End -

CamScanner

**लोक सेवा आयोग**

**राष्ट्रिय बीमा संस्थान, अधिकृतस्तर, छैठौं, सहायक व्यवस्थापक पदको**

**प्रतियोगितात्मक लिखित परीक्षा**

**२०७४।९।२४**

पत्र : द्वितीय

समय : ३ घण्टा पूर्णाङ्क : १००

**विषय : बीमा र लेखा तथा सम्बन्धित कानूनी व्यवस्था र समस्या समाधान**

| |
|---|
| **प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । खण्ड 'क' मा ७ प्रश्नमध्ये ६ प्रश्नको र खण्ड 'ख' मा ४ प्रश्नमध्ये समस्या समाधान (अनिवार्य) सहित ३ प्रश्नको उत्तर दिनुपर्नेछ ।** |

**खण्ड "क"** **६० अङ्क**

१. बीमाले सबै जोखिम स्वीकार्दैन । बीमाले सुरक्षण गर्ने जोखिमहरू कस्ता प्रकारका हुन्छन् ? सोको विवरण प्रस्तुत गर्दै जोखिम व्यवस्थापन गर्ने विभिन्न उपायहरू उल्लेख गर्नुहोस् । ३+७=१०

२. बीमा सम्बन्धी संझौता (Life Insurance Contract) हुँदा बीमकको अधिकार के-कस्तो हुन्छ ? विवेचना गर्नुहोस् । १०

३. बीमा कम्पनीमा लेखापरीक्षकको नियुक्ति प्रक्रियाको चर्चा गर्दै लेखापरीक्षकले पालना गर्नुपर्ने विषयहरू उल्लेख गर्नुहोस् । ४+६=१०

४. बैंक तथा बीमाको अन्तरसम्बन्ध तथा व्यावसायिक भिन्नताहरू प्रष्ट्याउनुहोस् । ५+५=१०

५. राष्ट्रिय बीमा संस्थानको बीमा क्षेत्रमा कस्तो योगदान रहेको छ ? वर्तमान् सन्दर्भमा राष्ट्रिय बीमा संस्थानलाई सशक्त बनाउनका लागि के कस्तो सुधार गर्नु आवश्यक छ ? चर्चा गर्नुहोस् । ४+६=१०

६. बीमा कम्पनीको आन्तरिक लेखापरीक्षण किन आवश्यक हुन्छ ? बाहय लेखापरीक्षण मात्र यसका लागि पर्याप्त छ/छैन ? स्पष्ट पार्नुहोस् । ७+३=१०

७. बीमा क्षेत्रमा व्याप्त ठगी र जालसाजीको नियन्त्रणका लागि मौजूदा ऐन र नियममा भएको व्यवस्था औंल्याउनुहोस् । ठगी नियन्त्रणका लागि अपनाउनुपर्ने उपायहरू समेत पेश गर्नुहोस् । १०

**खण्ड "ख"** **४० अङ्क**

८. बीमा कम्पनी दर्ता सम्बन्धमा वर्तमान ऐन, नियम र सो अन्तर्गतका निर्देशिकाको प्रावधानको आधारमा व्याख्या गर्नुहोस् । १०

९. नेपालमा बिदेशी बीमकले कार्यालय स्थापना गरी बीमा व्यवसाय गर्न चाहेमा के-कस्ता प्रकृयाहरू अवलम्बन गर्नुपर्ने व्यवस्था छ ? उल्लेख गर्नुहोस् । १०

CamScanner

१०. बीमा कम्पनीमा र बीमा व्यवसायमा देहायका ऐनहरूको सान्दर्भिकतालाई संक्षिप्त रूपमा उल्लेख गर्नुहोस् । ३+३+४=१०

क) कम्पनी ऐन, २०६३

ख) आयकर ऐन, २०५८

ग) मूल्य अभिवृद्धि कर ऐन, २०५२

**समस्या समाधान**

११. बिमितले "कखग जीवन बीमा कम्पनी" सँग जनवरी १, २०१५ मा निम्न बमोजिम जीवन बीमा लेख (Policy) लिएको रहेछ: २०

१) बीमालेखको किसिम : सावधिक (मुनाफामा सरिक हुने)

२) बीमाङ्क : रू. १०,००,००० (रू. दश लाख)

३) बीमा अवधि : २० वर्ष

४) बीमा शुल्क भुक्तानी तरिका : वार्षिक

५) मानौं बिमकको उद्घोषित बोनस निम्न बमोजिम हुने :

क) बीमा गराएको पाँच वर्षसम्म वार्षिक २५ प्रति हजार

ख) त्यसपछिको ५ वर्ष लगातार वार्षिक ३५ प्रति हजार

ग) त्यसपछिको ५ वर्ष वार्षिक ५० प्रति हजार

घ) त्यसपछिको ५ वर्ष वार्षिक ६० प्रति हजार

उपरोक्त बमोजिम निम्न अवस्थाहरूमा बीमा दावी वापत के कति रकम भुक्तान हुन्छ ? विस्तृत हिसाबसहित देखाउनुहोस् ।

क) बीमा लेख परिपक्व (Mature) हुँदा बिमित जिवितै रहे बिमितले पाउने परिपक्व दावी (Maturity claim) रकम

ख) यदि बिमितको बीमालेख प्रारम्भ मितिले १४ वर्ष पूरा भएपछि मृत्यु भएमा बिमितको ईच्छ्याएको व्यक्तिले पाउने मृत्यु दावी (Death claim) रकम

:: समाप्त ::

CamScanner

**लोक सेवा आयोग**
**राष्ट्रिय बीमा संस्थान, छैठौं, सहायक प्रबन्धक पदको**
**प्रतियोगितात्मक लिखित परीक्षा**
**२०७५।०६।१९**

पत्र : प्रथम
समय : ३ घण्टा

पूर्णाङ्क : १००

**विषय : अर्थ र वित्त तथा व्यवस्थापन र प्रशासन**

प्रत्येक **खण्डको** उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । प्रत्येक खण्डबाट ५/५ प्रश्नको उत्तर दिनुपर्नेछ ।

**खण्ड "क"** **५० अङ्क**

१. कुल गार्हस्थ्य उत्पादन (GDP) र कुल राष्ट्रिय उत्पादन (GNP) को गणना विधि उल्लेख गर्दै कुनै मुलुकको आर्थिक अवस्था दर्शाउन कुन विधि बढी महत्त्वपूर्ण हुन्छ ? पुष्ट्याँईसहित जवाफ दिनुहोस् । ४+६=१०

२. वित्तीय नीति (Fiscal Policy) को परिचय दिँदै यसको माध्यमबाट Public Debt लाई कसरी व्यवस्थित गर्न सकिन्छ ? उल्लेख गर्नुहोस् । ३+७=१०

३. मौद्रिक नीतिको उद्देश्य र औजारहरू उल्लेख गर्नुहोस् । मुलुकमा लगानी वृद्धि गरी रोजगारीका अवसरहरू सिर्जना गर्न मौद्रिक नीतिको भूमिका कस्तो हुनुपर्ला ? विवेचना गर्नुहोस् । ५+५=१०

४. नेपालको केन्द्रीय बैंक तथा बाणिज्य बैंकहरूबीच समग्र वित्तीय प्रणालीको विकासका लागि के कस्तो सहयोग, समन्वय र नियन्त्रण आवश्यक हुन्छ ? चर्चा गर्नुहोस् । १०

५. नेपालको पूँजी बजारको बारेमा छोटकरीमा उल्लेख गर्दै पूँजी बजारको द्योतकको रूपमा रहेको नेप्से सूचकाङ्कमा हाल देखिएको गिरावटको कारण के हुनसक्छ ? आफ्नो धारणा राख्नुहोस् । ५+५=१०

६. नेपालमा व्यापार/व्यवसाय वित्त (Business Finance) को क्षेत्र र महत्त्व उल्लेख गर्दै व्यापार/व्यवसाय वित्तमा कायम हुनुपर्ने अनुशासन के के हुन् ? लेख्नुहोस् । ७+३=१०

क्रमश : ...

CamScanner

**छैठौं, सहायक प्रबन्धक - २**

**खण्ड "ख"** ५० अङ्क

७. संगठनात्मक संस्कार (Organizational Culture) भनेको के हो ? संगठनात्मक संस्कारलाई संगठनको उद्देश्यमा केन्द्रित गर्न आवश्यक पर्ने आधारभूत तत्वहरू के के हुन् ? उल्लेख गर्नुहोस् ।

३+७=१०

८. अधिकार प्रत्यायोजन (Delegation of Authority) लाई परिभाषित गर्नुहोस् । "नेपालको प्रशासनिक नेतृत्वमा अधिकार प्रत्यायोजन गर्न नचाहने प्रवृत्ति बढिरहेको छ" भन्ने भनाइमा आफ्नो धारणा राख्दै अधिकार प्रत्यायोजनबाट संगठन सञ्चालनमा पर्नसक्ने सकारात्मक प्रभावहरू उल्लेख गर्नुहोस् ।

२+४+४=१०

९. मानव संसाधन व्यवस्थापन (Human Resource Management) को अवधारणाबारे चर्चा गर्दै यसको व्यवस्थापनमा देखापर्ने मुख्य मुख्य चुनौतीहरू सविस्तार लेख्नुहोस् । ३+७=१०

१०. संस्थागत सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) भनेको के हो ? उल्लेख गर्दै संस्थागत सुशासन (Corporate Governance) अभिवृद्धिमा यसले कसरी भूमिका खेल्दछ ? लेख्नुहोस् । ३+७=१०

११. नेपालमा बीमा कम्पनीहरूको वर्तमान् चुनौतीहरू के के छन् ? यस्ता चुनौतीहरूको सामनाका लागि सरकार तथा बीमा कम्पनीहरूले निर्वाह गर्नुपर्ने भूमिकाहरू के के हुन् ? लेख्नुहोस् । ४+६=१०

१२. सार्वजनिक र निजी संस्थामा पारदर्शिता (Transparency) को के महत्त्व हुन्छ ? पारदर्शिता कायम गर्न व्यवस्थापकले के कस्तो भूमिका निर्वाह गर्नुपर्दछ ? चर्चा गर्नुहोस् । ५+५=१०

:: समाप्त ::

CamScanner

## लोक सेवा आयोग
## राष्ट्रिय बीमा संस्थान, छैठौं, सहायक प्रबन्धक पदको
## प्रतियोगितात्मक लिखित परीक्षा

२०७५।०६।२०

पत्र : द्वितीय
समय : ३ घण्टा

पूर्णाङ्क : १००

### विषय : बीमा र लेखा तथा सम्बन्धित कानूनी व्यवस्था र समस्या समाधान

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । खण्ड 'क' मा ७ प्रश्नमध्ये ६ प्रश्नको र खण्ड 'ख' मा ४ प्रश्नमध्ये समस्या समाधान (अनिवार्य) सहित ३ प्रश्नको उत्तर दिनुपर्नेछ ।

### खण्ड "क" — ६० अङ्क

१. नेपालको आर्थिक समृद्धिका लागि कृषि र पर्यटन प्रमुख आर्थिक क्षेत्र हुन् । यी क्षेत्रको विकासका लागि बीमा व्यवसायले कसरी योगदान गर्न सक्छ ? सविस्तार व्याख्या गर्नुहोस् । १०

२. बीमा व्यवसायका सिद्धान्तहरू उल्लेख गर्दै ती सिद्धान्तहरू नेपालका बीमा कम्पनी र नियामक निकायको रूपमा बीमा समितिले के कसरी पालना गरिरहेका छन् ? चर्चा गर्नुहोस् । ६+४=१०

३. पुनर्बीमाको औचित्य उल्लेख गर्दै नेपालमा हालै स्थापना गरिएको नेपाल पुनर्बीमा कम्पनीको बजार सम्भावनाको बारेमा उल्लेख गर्नुहोस् । ३+७=१०

४. बीमा समितिको नियमनकारी भूमिकाको समीक्षा गर्दै नेपालमा विस्तारित हुँदै गएको बीमा व्यवसायलाई बीमितको हित अनुकूल गर्न उक्त समितिले सम्पादन गर्नुपर्ने कार्यहरू उल्लेख गर्नुहोस् । ६+४=१०

५. बीमा कम्पनी र बैंक तथा वित्तीय संस्थाहरूको कार्यप्रकृतिको भिन्नताहरू उदाहरणसहित प्रष्ट पार्नुहोस् । १०

६. वि.सं. २०२५ सालमा बीमासँग सम्बन्धित दुई मुख्य कानून "बीमा ऐन, २०२५" र "राष्ट्रिय बीमा संस्थान ऐन, २०२५" एकै पटक आएको थियो । हाल "राष्ट्रिय बीमा संस्थान ऐन, २०२५" खारेज गर्नुपर्ने चर्चा अगाडि आउन थालेको छ । यस सन्दर्भमा खारेज गर्नुपर्ने कारणंहरू के के हुन सक्छन् ? तर्कसहित व्याख्या गर्नुहोस् । १०

७. आन्तरिक नियन्त्रणका मुख्य विधिहरू के के हुन् ? राष्ट्रिय बीमा संस्थानको कार्यालय सामान उपयोगको आन्तरिक नियन्त्रणमा के कस्तो विधिको प्रयोग गर्न सकिन्छ ? उल्लेख गर्नुहोस् । १०

क्रमश : —

**छैठौं, सहायक प्रबन्धक - 2**

**खण्ड "ख"** ४० अङ्क

८. राष्ट्रिय बीमा संस्थान ऐन, २०२५ र बीमा ऐन, २०४९ का केही दफाहरू बाझिएका छन् । ती दफाहरू कुन कुन हुन् ? यसको कानूनी निरूपण कसरी हुनसक्छ ? व्याख्या गर्नुहोस् । १०

९. वर्तमान् नेपालको संविधानमा अनुसूची-५ को संघको अधिकारको सूचि र अनुसूची-७ को संघ तथा प्रदेशको साझा अधिकारको सूचिमा बीमा सम्बन्धी विषय उल्लेख छ । यसरी दोहोरो अधिकारको सूचिमा पर्ने बीमा व्यवसाय सम्बन्धी प्रशासनका लागि कुन कुन विषयमा ध्यान पुऱ्याउनु आवश्यक हुन्छ ? विश्लेषण प्रस्तुत गर्नुहोस् । १०

१०.राष्ट्रिय बीमा संस्थान ऐन बमोजिम संस्थानको मुख्य मुख्य कार्यहरूको बारेमा वर्णन गर्दै संस्थानको सञ्चालक समितिको गठन प्रक्रिया उल्लेख गर्नुहोस् । ६+४=१०

**समस्या समाधान**

११.गैंडाकोटका एक किसान, ढुण्डिराजले दुग्ध उत्पादनका लागि गाई फार्म सञ्चालन गरेका छन् । उनको यो फार्म दश वर्ष पुग्यो । दशवटा गाई खरिद गरेर शुरू गरेको यो फार्ममा २०७४ सालको अन्त्यमा ७६ वटा गाई र करीब दुई दर्जन बाच्छा-बाच्छी थिए । उनी सफल किसान मात्र होइन, मुलुकभर एउटा अनुकरणीय उद्यमीका रूपमा पनि चिनिन्छन् । उनको गाई फार्मको सबै पशुधन र भवन संरचनाको बीमा गरिएको छ ।

उनले 'क' बीमा कम्पनीसँग विगत छ वर्षदेखि बीमा गराउँदै आएका छन् । उनी बीमा शुल्क नियमित बुझाउँछन्, पशुधनको बीमामा सरकारी अनुदान पनि भएकोले उनी खुशी छन् । २०७५ को बैशाखको पहिलो हप्ता भयानक आगो लागेर उनको फार्मको भवन संरचना पूरै ध्वस्त भएछ । फार्ममा रहेका गाई, बाच्छा-बाच्छी मध्ये १६ वटा गाई र १२ वटा बाच्छा-बाच्छी बाँचेछन् ।

ढुण्डिराजले समयमै बीमा दाबी गरे । दाबीसँगै उनले पशुमृत्यु प्रमाणपत्र पनि संलग्न गरे । उनले दाबी गरेको रकमको सारांश यस प्रकार छः

क) भौतिक संरचना क्षतिको बीमाङ्क रकम रू. १ करोड २० लाख, भौतिक संरचना पूरै काम नलाग्ने भएकोले पूरै रकम दावी ।

क्रमशः ...

ख) ६० वटा गाई र १२ वटा बाच्छा-बाच्छीको बीमाङ्क रकम बमोजिमको रू. ८० लाख ।

दाबी गरेको ३० दिनभित्र दाबी भुक्तानी गर्नुपर्ने प्रबन्ध रहे बमोजिम 'क' बीमा कम्पनीले प्राविधिक मूल्याङ्कन गर्न सर्भेयर खटायो । सर्भेयरले सात दिनभित्र दिएको प्रतिवेदनको सारांश यस्तो थियो:

अ) भौतिक संरचनाको क्षतिमध्ये आगोले खासै नष्ट नभएको स्टिल बार र काठहरूको कबाडीमा बिक्री गर्न सकिने रकम रू. १० लाख हुनसक्ने भएकोले सो कटाएर रू. १ करोड १० लाख दिन सकिने ।

आ) मरेका भनेका ७२ वटा पशुधन मध्ये २२ वटा गाईलाई समयमै रोग विरूद्ध प्रतिरोधात्मक खोप नलगाएकाले आगो लाग्नु अघि नै तीमध्ये धेरै मर्ने अवस्थामा पुगेको बुझिन आयो । त्यसकारण ५० वटा पशुधनको बीमाङ्क रकम मात्र दिन सकिने ।

सर्भेयरको प्रतिवेदन बमोजिम बीमादाबी रकम दिन सकिने जानकारी 'क' बीमा कम्पनीले दुण्डिराजलाई गरायो ।

दुण्डिराज यसमा सन्तुष्ट भएनन् र बीमा समितिमा उजूर गर्न जान्छु भनेर कम्पनीका अधिकृतलाई भनेछन् । कम्पनीको व्यवस्थापन चाहिँ 'यो समस्या बीमा समितिमा पुग्यो भने कम्पनीको छवी राम्रो हुन्न, अनावश्यक विवादहरू उठ्न सक्छ' भनेर मिलाउन चाहन्छ । कम्पनीका प्रमुख कार्यकारी अधिकृतले यो समस्याको उपयुक्त निकास निकाल्न तपाँईलाई खटाएका छन् ।

प्रस्तुत समस्याको अध्ययन गरी वैकल्पिक समाधानका उपायहरू पहिचान गर्नुहोस् र तर्कसहित उपयुक्त समाधानको सिफारिश गर्नुहोस् । २०

:: समाप्त ::

CamScanner

## लोक सेवा आयोग

## राष्ट्रिय बीमा संस्थान, छैठौं, सहायक व्यवस्थापक पदको प्रतियोगितात्मक लिखित परीक्षा

२०७५।१२।३

पत्र : प्रथम

समय : ३ घण्टा

पूर्णाङ्क : १००

### विषय : अर्थ र वित्त तथा व्यवस्थापन र प्रशासन

प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

### खण्ड 'क' ५० अङ्क

१. कुल राष्ट्रिय उत्पादन (Gross National Product) र कुल गार्हस्थ उत्पादन (Gross Domestic Product) बीचको भिन्नताहरू (Differences) बारे चर्चा गर्दै नीति निर्माण (Policy Making) का लागि कुन मापन (Measurement) विधि उपयुक्त हुन्छ ? किन ? प्रष्ट्याउनुहोस् । ५+५=१०

२. मौद्रिक नीति (Monetary Policy) र वित्तीय नीति (Fiscal Policy) बीचको अन्तरसम्बन्ध (Interrelationship) माथि प्रकाश पार्नुहोस् । कस्तो अवस्थामा मौद्रिक नीति भन्दा वित्तीय नीति प्रभावकारी (Effective) हुन्छ ? पुष्ट्याँईसहित उल्लेख गर्नुहोस् । १०

३. मुद्रा बजार (Money Market) र पूँजी बजार (Capital Market) बीचको भिन्नताहरू (Differences) बारे उदाहरणसहित प्रष्ट पार्दै नेपालमा पूँजी बजारको वर्तमान् अवस्थाको चित्रण गर्नुहोस् । १०

४. "हाम्रो मुख्य चुनौती (Challenge) भनेको योजना (Plan) र नीति तर्जुमा (Policy Formulation) भन्दा कार्यान्वयन (Implementation) हो" भन्ने भनाइलाई पुष्टि गर्दै योजना र नीतिको कार्यान्वयन गर्दा आइपर्ने समस्याहरूको चर्चा गर्नुहोस् । १०

५. विश्व बैंक (World Bank) का प्रमुख उद्देश्यहरू (Objectives) को व्याख्या गर्दै विश्व बैंकले विश्वमा गरिबी निवारण (Poverty Alleviation) का लागि के कस्ता कार्यहरू गर्दै आएको छ ? चर्चा गर्नुहोस् । १०

क्रमशः —

CamScanner

छैठौ, सहायक व्यवस्थापक - २

## खण्ड 'ख' ५० अङ्क

६. व्यवस्थापन सूचना प्रणाली (Management Information System) लाई के कति हदसम्म खुला र के कति हदसम्म नियमन गरिनु उपयुक्त हुन्छ ? तार्किक अभिव्यक्ति दिनुहोस् । १०

७. मूल्यमा आधारित व्यवस्थापन (Value Based Management) लाई परिभाषित गर्दै नेपालको सार्वजनिक प्रशासन (Public Administration) के कस्तो मूल्य र मान्यता (Values and Norms) बाट निर्देशित भएको छ ? उदाहरणसहित आफ्नो अभिव्यक्ति दिनुहोस् । १०

८. "सार्वजनिक प्रशासनमा व्यवस्थापकीय दृष्टिकोणले पारदर्शिता (Transparency) र जवाफदेहीता (Accountability) को महत्त्वपूर्ण भूमिका रहेको छ ।" नेपालका सार्वजनिक संगठनहरूको सन्दर्भमा यस कथनलाई सप्रसङ्ग व्याख्या गर्नुहोस् । १०

९. नेपालमा जीवन बीमा कम्पनीको बढ्दो संख्यात्मक तथा प्रतिस्पर्धात्मक अवस्था उत्पन्न भएको सन्दर्भमा राष्ट्रिय बीमा संस्थानले आफ्नो व्यवसाय अभिवृद्धि गर्नका लागि के कस्तो बजार रणनीति (Marketing Strategy) लिनुपर्ला ? व्यवहारिक सुझावहरू दिनुहोस् । १०

१०. संस्थागत परिवर्तन (Organizational Change) को महत्त्वबारे प्रकाश पार्दै राष्ट्रिय बीमा संस्थानले लिएको उद्देश्यहरू (Objectives) हासिल गर्नका लागि संस्थानको व्यवस्थापनका पक्षहरूमा के कस्तो परिवर्तन गर्न आवश्यक देख्नुहुन्छ ? आफ्ना धारणाहरू प्रस्तुत गर्नुहोस् । १०

:: समाप्त ::

CamScanner

# लोक सेवा आयोग
## राष्ट्रिय बीमा संस्थान, छैठौं, सहायक व्यवस्थापक पदको प्रतियोगितात्मक लिखित परीक्षा
२०७५।१२।४

पत्र : द्वितीय
समय : ३ घण्टा
पूर्णाङ्क : १००

### विषय : बीमा, लेखा, सम्बन्धित कानूनी व्यवस्था र समस्या समाधान

| प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |
|---|

### खण्ड 'क' — ६० अङ्क

१. जीवन तथा निर्जीवन बीमाका सिद्धान्तहरू (Principles of Life and Non-life Insurance) बारे व्याख्या गर्नुहोस् । १०

२. जीवन बीमा (Life Insurance) गर्नु बैंकमा पैसा राख्नुभन्दा किन र कसरी उपयुक्त हो ? तर्क र उदाहरणसहित स्पष्ट पार्नुहोस् । १०

३. आन्तरिक नियन्त्रण (Internal Control) र आन्तरिक लेखापरीक्षण (Internal Audit) बीचको अन्तरसम्बन्ध केलाउँदै आन्तरिक नियन्त्रणले बाह्य लेखापरीक्षण (External Audit) लाई कसरी प्रभावित पार्न सक्दछ ? प्रष्ट पार्नुहोस् । १०

४. टिप्पणी लेख्नुहोस् । ५+५=१०

क) Procedure for effecting Life Insurance

ख) Funds Flow Statement

५. वासलात (Balance Sheet) को नमूना (Specimen) प्रस्तुत गर्दै यसको उपयोगिता (Utility) बारे चर्चा गर्नुहोस् । साथै यसको सीमाहरू (Limitations) समेत उल्लेख गर्नुहोस् । १०

६. बीमा व्यवसायको लेखा प्रणालीमा पनि हालै Nepal Financial Reporting Standard (NFRS) लागू भइसकेको छ । यसको मुख्य मुख्य विशेषताहरू (Features) उल्लेख गर्नुहोस् । १०

क्रमशः—

CamScanner

**खण्ड 'ख'** **४० अङ्क**

७. ट्रेड युनियन ऐन, २०४९ अनुसार ट्रेड युनियनको अधिकार (Rights) र कर्तव्य (Duties) बारे उल्लेख गर्दै सोका आधारमा नेपालको सार्वजनिक प्रशासनको क्षेत्रमा ट्रेड युनियनले खेल्दै आएको भूमिका (Role) को मूल्याङ्कन गर्नुहोस् । १०

८. "सबै सम्झौता करार होइनन् तर सबै करार सम्झौता हुन् (All contracts are agreements but all aggrements are not contracts)" भन्ने भनाइलाई उदाहरणसहित पुष्ट्याँई गर्नुहोस् । १०

९. बीमा व्यवसायलाई नियमित र व्यवस्थित गर्ने समेत प्रयोजनको लागि बीमा समितिको गठन भएको कानूनी व्यवस्था बीमा ऐन, २०४९ ले गरेको छ । व्यवसायलाई पूर्ण वा आंशिकरूपमा रोक लगाउन वा रद्द गर्न सक्ने व्यवस्था पनि गरिएको छ । त्यसैगरी कानूनले तोकेको दायित्व पूरा नगरेको अवस्थामा बीमकको दर्तासमेत खारेज गर्न सकिने व्यवस्थासमेत ऐनले गरेको छ । यस प्रकार कानूनी, नीतिगत र संस्थागत व्यवस्था हुँदाहुँदै पनि नेपालको बीमा व्यवसाय आलोचनामुक्त हुन सकेको छैन । बीमा व्यवसायभित्र समेटिनुपर्ने थुप्रै क्षेत्रहरू अझै पनि बाहिर परेका छन् भने जनसंख्याको ठूलो हिस्सालाई पनि बीमा व्यवसायले समेट्न सकेको छैन । त्यसैगरी कतिपय अवस्थामा बीमितहरू ठगिएको जस्ता गुनासाहरू पनि आउने गरेका छन् ।

यस पृष्ठभूमिमा बीमा व्यवसायमा देखिएका खास समस्याहरू पहिचान गर्दै ती समस्याका कारणहरू समेत पहिल्याउनुहोस् । यी समस्याहरू समाधान गरी बीमालाई सबै नेपालीको पहुँचको विषय बनाउन अवलम्बन गर्नुपर्ने उपायहरूको बारेमा समेत सुझाव दिनुहोस् । २०

:: समाप्त ::

254
Total
220

CamScanner

**लोक सेवा आयोग**
**राष्ट्रिय बीमा संस्थान, छैठौं, सहायक व्यवस्थापक पदको प्रतियोगितात्मक लिखित परीक्षा**
**२०७६।०९।२७**

**KEY [A]**

पत्र : प्रथम
समय : २ घण्टा ३० मिनेट पूर्णाङ्क : १००

**विषय : अर्थ, वित्त र सामान्य ज्ञान तथा व्यवस्थापन र प्रशासन**

> उत्तरपुस्तिकामा प्रश्नपत्रको KEY अनिवार्य रूपले उल्लेख गर्नुपर्नेछ । उल्लेख नगरेमा उत्तरपुस्तिका रद्द हुनेछ । परीक्षामा calculator, mobile प्रयोग गर्न पाइनेछैन । प्रत्येक Section को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

**खण्ड "क" : वस्तुगत**

__वस्तुगत बहुउत्तर__ २०×१=२० अङ्क

१. १५ औं योजनामा कृषि बीमाको पहुँच कति प्रतिशत कृषकमा पुऱ्याउने अपेक्षा गरिएको छ ?
A) १०% B) २०% C) ३०% D) माथिको कुनै होइन

२. आर्थिक वर्ष २०७५/७६ मा नेपालका ७ वटा प्रदेश मध्ये आर्थिक वृद्धिदर सबैभन्दा धेरै हुने प्रदेश कुन हो ?
A) प्रदेश नं. ३ B) गण्डकी प्रदेश C) प्रदेश नं. ५ D) प्रदेश नं. १

३. नेपालमा वार्षिक रूपमा बजेट वक्तव्य मार्फत् बजेटको घोषणा गर्ने कार्यको शुरूवात कहिलेदेखि भएको हो ?
A) वि.सं. २००४ साल B) वि.सं. २००८ साल C) वि.सं. २०१३ साल D) वि.सं. २०१४ साल

४. कुन चाहिँ कर तलका मध्ये अप्रत्यक्ष कर होइन ?
A) मूल्य अभिवृद्धि कर B) अन्तःशुल्क C) भन्सार D) आयकर

५. निम्न मध्ये कुन चाहिँ कार्य नेपाल राष्ट्र बैंकको कार्य अन्तर्गत पर्दैन ?
A) वित्तीय स्थिरता कायम गर्ने B) विदेशी विनिमय सम्बन्धमा नीति निर्धारण गर्ने
C) भुक्तानी प्रणालीको विकास गर्ने D) राजश्व तथा करका दरहरू निर्धारण गर्ने

६. Actuarial Science तलका मध्ये कुनसँग सम्बन्धित छ ?
A) बैंकिङ् B) अवकाश कोष C) बीमा D) तथ्याङ्कशास्त्र

७. युरोप भ्रमण गर्ने नेपालका पहिलो राजा को हुन् ?
A) महेन्द्र B) त्रिभुवन C) वीरेन्द्र D) राजेन्द्र

८. नेपालमा स्थानीय तह सबैभन्दा बढी कुन प्रदेशमा पर्दछन् ?
A) प्रदेश नं. १ B) प्रदेश नं. २ C) प्रदेश नं. ३ D) प्रदेश नं. ५

९. राष्ट्रिय बीमा संस्थानले कुन मितिबाट जीवन बीमा व्यवसाय शुरू गरेको हो ?
A) २०२७ पौष १ B) २०२८ मंसिर १ C) २०२९ फागुन ७ D) २०४६ चैत्र १०

१०. नेपाल पुनर्बीमा कम्पनीमा निम्न मध्ये कुन निकायको शेयर पूँजी लगानी रहेको छैन ?
A) नेपाल सरकार B) बीमा समिति
C) जीवन बीमा कम्पनीहरू D) निर्जीवन बीमा कम्पनीहरू

११. हेनरी फेयलका अनुसार व्यवस्थापनका सिद्धान्तहरू कतिवटा छन् ?
A) १० B) १४ C) ९ D) माथिको कुनै होइन

१२. उद्देश्यमूलक व्यवस्थापनको अवधारणा तलका मध्ये को सँग सम्बन्धित छ ?
A) म्याक्स वेवर B) पिटर ड्रगर C) एफ. डब्लू. टेलर D) ओस्वर्त

क्रमशः –

CS CamScanner

१३. Ecological Approach to Administration को अवधारणा कसले प्रतिपादन गरेका हुन् ?
A) इल्टन मायो B) हेनरी फेयल C) फ्रेड रिग्स D) म्याक्स वेवर

१४. सिक्स् सिग्मा (Six Sigma) सँग तलका मध्ये को सम्बन्धित छन् ?
A) Harold Koontz B) Peter Drucker C) Bill Smith D) Mary Parker Follett

१५. तल दिइएका मध्ये Abraham Maslow ले प्रतिपादन गरेको सिद्धान्त कुन हो ?
A) ERG Theory B) Expectancy Theory
C) Hierarchy of Needs Theory D) Path-Goal Theory

१६. तल दिइएकामध्ये कुन चाहिँ विषय व्यवसायिक बजार खण्डिकरण (Business Market Segmentation) को आधार होइन ?
A) भौगोलिक आधार B) जनसांख्यिक आधार C) सञ्चालन आधार D) राजनीतिक आधार

१७. Which of the following is the feature of direct marketing ?
A) one to one communication B) open dialogue
C) personal relationship D) all of the above

१८. Group Dynamics को सन्दर्भमा अहम् अवस्था (Ego State) लाई Parent, Adult र Child गरी तीन भागमा विभाजन गर्ने विद्वान को हुन् ?
A) Eric Berne B) Sigmund Freud
C) Peter Drucker D) Herbert A. Simon

१९. Corporate Social Responsibility भित्र तलका मध्ये कुन पर्दैन ?
A) वातावरण संरक्षण B) आर्थिक सहायता/पुरस्कार
C) लगानी प्रवर्द्धन D) मानवता प्रवर्द्धन

२०. Corporate Governance लाई सुदृढ बनाउने कार्यमा कसको भूमिका सबैभन्दा महत्त्वपूर्ण हुन्छ ?
A) बोर्ड अफ डाइरेक्टर्स B) सरोकारवाला
C) निगरानी निकाय D) नियमनकारी निकाय

## खण्ड "ख" ४० अङ्क

१. राष्ट्रिय आम्दानी (National Income) भनेको के हो ? यसको मापन कसरी गरिन्छ ? संक्षेपमा लेख्नुहोस् । ५

२. अन्तर्राष्ट्रिय मुद्रा कोष (International Monetary Fund) को छोटो परिचय दिनुहोस् । ५

३. नेपाल राष्ट्र बैंकले हरेक वर्ष मौद्रिक नीति (Monetary Policy) जारी गर्नुको औचित्यमाथि प्रकाश पार्नुहोस् । साथै, वित्तीय स्थायित्व (Financial Stability) कायम गर्न केन्द्रीय बैंकको रूपमा नेपाल राष्ट्र बैंकले के कस्ता कार्यहरू गर्नुपर्ने हुन्छ ? उल्लेख गर्नुहोस् । ५+५=१०



CamScanner

४. वित्तीय प्रणाली (Financial System) भन्नाले के बुझिन्छ ? नेपालको वित्तीय प्रणालीमा बीमा क्षेत्रको भूमिका के कस्तो रहेको छ ? उल्लेख गर्नुहोस् । ३+७=१०

५. नेपालको पूँजी बजार (Capital Market) ले झेल्नुपरेका समस्याहरूको विश्लेषण गर्दै समाधानका उपायहरू समेत उल्लेख गर्नुहोस् । ५+५=१०

## खण्ड "ग" — ४० अङ्क

६. व्यवस्थापनको अर्थ र परिभाषा दिँदै आधुनिक व्यवस्थापनका चुनौतीहरू उल्लेख गर्नुहोस् । ५

७. ज्ञान व्यवस्थापन (Knowledge Management) भनेको के हो ? संगठनमा यसको के महत्त्व रहन्छ ? स्पष्ट गर्नुहोस् । २+३=५

८. तनाव व्यवस्थापन (Stress Management) भन्नाले के बुझिन्छ ? मानव संशाधनको प्रभावकारी उपयोगको लागि संगठनभित्र तनाव व्यवस्थापनका के कस्ता विधि/तरिका अपनाउन सकिन्छ ? मौलिक उत्तर दिनुहोस् । ३+७=१०

९. संगठनात्मक व्यवहार (Organizational Behaviour) भन्नाले के बुझ्नुहुन्छ ? प्रशासनमा संगठनात्मक व्यवहारको महत्त्वबारे संक्षिप्त टिप्पणी गर्दै संगठनात्मक व्यवहारका नवीन प्रवृत्तिहरू (New Trends) बारे चर्चा गर्नुहोस् । २+४+४=१०

१०. संस्थागत शासन (Corporate Governance) को उद्देश्य (Objectives) तथा यसका मुख्य तत्वहरू (Components) बारे प्रकाश पार्दै नेपालको सन्दर्भमा संस्थागत शासनमा देखिएका चुनौतीहरू प्रस्तुत गर्नुहोस् । ३+३+४=१०

:: समाप्त ::

CamScanner

लोक सेवा आयोग

राष्ट्रिय बीमा संस्थान, छैठौं, सहायक व्यवस्थापक पदको प्रतियोगितात्मक लिखित परीक्षा

२०७६।०९।२८

पत्र : द्वितीय

समय : ३ घण्टा

पूर्णाङ्क : १००

विषय : बीमा र लेखा तथा सम्बन्धित कानूनी व्यवस्था

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

खण्ड 'क' ६० अङ्क

१. जीवन बीमा (Life Insurance) व्यवसाय कति प्रकारका छन् ? संक्षिप्तमा उल्लेख गर्नुहोस् । ५

२. बीमामार्फत् हुने ठगी (Fraud) भन्नाले केलाई बुझाउँछ ? यसलाई न्यूनीकरण गर्न बीमकले अपनाउन सक्ने मुख्य उपाय के के हुन सक्छन् ? उल्लेख गर्नुहोस् । ५

३. Actuarial Valuation को बारेमा स्पष्ट पार्नुहोस् । ५

४. नेपाल वित्तीय प्रतिवेदन मान (Nepal Financial Reporting Standard -NFRS) को महत्त्वका बारेमा उल्लेख गर्नुहोस् । ५

५. विगत १० वर्षमा बीमा समितिले बीमा उद्योग नियमनमा खेलेको भूमिकाको मुख्य मुख्य घटनाक्रमको चर्चा गर्नुहोस् । साथै, ती क्रियाकलापको प्रभावकारीताबारे समेत उल्लेख गर्नुहोस् । ६+४=१०

६. राष्ट्रिय बीमा संस्थानमा लेखापरीक्षकको नियुक्ति प्रक्रिया र लेखापरीक्षण प्रतिवेदन (Audit Report) स्वीकृति सम्बन्धी भएको कानूनी व्यवस्था प्रकाश पार्दै बीमा कम्पनीमा सुशासन कायम गर्नका लागि लेखापरीक्षकको प्रमुख भूमिका उल्लेख गर्नुहोस् । ५+५=१०

७. देश विकास क्रममा जीवन बीमा व्यवसायको महत्त्वपूर्ण भूमिका हुन्छ किन कि यसले एकातिर व्यक्तिलाई आर्थिक सुरक्षण प्रदान गर्दछ भने अर्कोतिर देशलाई आर्थिक साधन परिचालन गर्न सघाउ पुऱ्याउँछ । नेपालको सरकारी स्वामित्वमा रहेको एकमात्र स्वदेशी संस्थाको रूपमा राष्ट्रिय बीमा संस्थानले वि.सं. २०२९ देखि नै जीवन बीमा व्यवसायको संचालन शुरू गरेको भएता पनि हाल यस ववसायमा अन्य स्वदेशी र विदेशी बीमा कम्पनीहरू उल्लेखनीय संख्यामा संलग्न छन् । हाल यी कम्पनीहरूले बीमितहरूलाई विभिन्न आकर्षक सुविधासहित प्रतिस्पर्धात्मक सेवाहरू पनि प्रदान गर्दै आएका छन् । देशमा लामो इतिहास बोकेको राष्ट्रिय बीमा संस्थानले भने नेपालको जीवन बीमा ववसायको बजारमा आशातित हिस्सा ओगट्न सकेको छैन । यसका अतिरिक्त जीवन बीमा ववसायमा प्रतिस्पर्धात्मक क्षमता विकास गर्न नसकी जनतालाई बदलिँदो आवश्यकता र चाहना

क्रमशः –

अनुसार जीवन बीमा सेवा प्रदान गर्न सकेको छैन भन्ने विश्लेषकहरूको भनाइ रहेको पाइन्छ । नेपालमा जीवन बीमा सम्बन्धी समस्याको अतिरिक्त सार्वजनिक क्षेत्रमा संचालित राष्ट्रिय बीमा संस्थानको भूमिका र यसको कम प्रतिस्पर्धात्मक क्षमता सम्बन्धी समस्या र त्यसका कारणहरूको गहन रूपमा समीक्षा हुन जरूरी छ ।

यस पृष्ठभूमिमा प्रारम्भिक समस्या समाधानार्थ राष्ट्रिय बीमा संस्थानको उच्च व्यवस्थापनलाई संक्षिप्तमा निम्न बमोजिम बुँदागतरूपमा आफ्नो सुझाव प्रस्तुत गर्नुहोस् । ४x५=२०

(क) मुख्य समस्या के हो ? यसका प्रमुख कारणहरू के के हुन् ?

(ख) पहिचान गरिएको समस्याको समाधानको लागि अपनाउनुपर्ने मुख्य दुईवटा वैकल्पिक रणनैतिक उपायहरू के के हुन सक्छन् ?

(ग) प्रस्तुत प्रत्येक रणनैतिक विकल्पका सबल र दुर्बल पक्षहरू के के छन् ?

(घ) प्रस्तुत समस्या समाधानको लागि कुन चाहिँ रणनैतिक विकल्प अपनाउनुपर्ला ?

**खण्ड 'ख'** **४० अङ्क**

८. बीमा ऐन, २०४९ का प्रमुख विशेषताहरू उल्लेख गर्नुहोस् । ५

९. कम्पनीको लिक्वीडेशन (Liquidation) भनेको के हो ? कम्पनी ऐन, २०६३ को अधिनमा रही लेख्नुहोस् । ५

१०. सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ का प्रमुख विशेषताहरू उल्लेख गर्नुहोस् । ५

११. सार्वजनिक संस्थानको ट्रेड युनियनलाई संगठनको काम कारवाहीमा सहयोगीको रूपमा विकास गर्न कस्तो कानूनी व्यवस्थाको आवश्यकता पर्दछ ? लेख्नुहोस् । ५

१२. नेपालको संविधानले राजश्व श्रोतको बाँडफाँड के कसरी हुने व्यवस्था गरेको छ ? उल्लेख गर्नुहोस् । १०

१३. सार्वजनिक संस्थानको खरिद प्रक्रियालाई सरलीकृत गर्न के कस्तो कानूनी सुधारको आवश्यकता देख्नुहुन्छ ? कारणसहित उल्लेख गर्नुहोस् । १०

:: समाप्त ::

CamScanner